का.जि.प्र.का.द.नं. १००/०५९/६०

२५ भदौ २०७९,
शनिबार
10 September 2022,
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २१७ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



हनुमानढोकास्थित गद्दी बैठकको कौसीबाट इन्द्रजात्रा अवलोकन गर्नुहुँदै राष्ट्रपति विद्यादेवी भण्डारी, प्रधानमन्त्री शेरबहादुर देउवा, मन्त्रीगणलगायत । तस्बिर : प्रदीपराज वन्त,रासस

## सिट संख्या टुंग्याउनै सकस

सत्तागठबन्धनलाई सिट संख्या टुंग्याउनै सकस परेको छ । समानुपातिक तर्फको उम्मेदवारको बन्द सूची बुझाउने दिन आइसक्दा समेत भागवण्डा नमिल्दा दलहरु थप दबावमा परेका छन् ।



"गठबन्धनमा बढीभन्दा बढी फाइदा लिन हामी प्रयास गर्छौं, तर गठबन्धन कुनै हालतमा टुट्दैन, तोड्नुहुँदैन ।

**शेरबहादुर देउवा**
प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २४ भदौ ।

शुक्रबार बस्ने भनिएको सत्तारुढ गठबन्धनको निर्णायक बैठक स्थगित भयो । नेताहरुका अनुसार सिट संख्या टुंग्याउनै सकस परेपछि शुक्रबारको बैठक शनिवार दिउँसो ४ बजे बस्ने गरी स्थगित भएको हो । तर, फेरि पनि दलहरुलाई भागवण्डा मिलाउन समस्या छ । नेपाली कांग्रेसले १००, माओवादी केन्द्रले ६०, नेकपा एकीकृत समाजवादीले ४०, जनता समाजवादी पार्टीले ३२ सिटमा दाबी गरेका छन् । राष्ट्रिय जनमोर्चा पनि आफुले २ सिट पाउनुपर्नेमा अडिग छ । सत्तारुढ पाँच दलीय गठबन्धनका दलहरुको सिट दाबीमा आ- आफ्नै अडान कायम रहेपछि सिट बाँडफाँड थप चुनौतीपूर्ण बनेको हो ।

नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जसपा लगायतका दलहरु आफ्नो अडानबाट पछि नहटेपछि सिट बाँडफाँडबारे टुंगो लाग्न सकस भएको हो ।

अझ दलका नेताहरु सिट बाँडफाँड सम्मानजनक नभएसम्म सहमति नहुने बताउँदै आएका छन् । 'हामीले छलफल चलाइरहेका छौं, तर कांग्रेसमा अहंकार देखिएको छ' 'हामीलाई सय सिट चाहियो । उब्रिएको तिमीहरु बाँड भन्छन् । हामीले उनीहरुलाई जवाफ दिएका छौं, हैसियतभन्दा बढी माग्ने काम नगर' नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपालले सार्वजनिक रुपमै भनेका छन् ।

यद्यपि, गठबन्धनका शीर्ष नेताहरुको लगातारको छलफलले सिट बाँडफाँडबारे मोटामोटी खाका भने तय गरेका छन् । जसअनुसार नेपाली कांग्रेस र माओवादी केन्द्रले क्रमशः ८५ र ४५ सिट लिने, नेकपा (एकीकृत समाजवादी) ले १८ र उपेन्द्र यादव नेतृत्वको जसपाले १६ सिट र जनमोर्चाले १ सिट लिने खाका तयार छ । यो खाकामा पनि दलहरु तयार नहुँदा सत्तागठबन्धनलाई सिट संख्या टुंग्याउनै सकस परेको हो । समानुपातिक तर्फको उम्मेदवारको बन्द सूची बुझाउने

– बाँकी पृष्ठ २ मा

बढ्दै खाद्य परनिर्भरता

## चुलिँदै संकट

कृषिमा आत्मनिर्भर हुने हो भने विदेशी मुद्राको सञ्चितिमा परेका दबाव कम हुने, व्यापार घाटा कम हुने र देशमा रोजगारी सिर्जना हुने विज्ञहरुको बुझाईं छ ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २४ भदौ ।



नेपाललाई कृषि प्रधान मुलुकको संज्ञा दिएपनि पछिल्ला दिनहरुमा खाद्य परनिर्भरता झनै बढ्न थालेको छ । खेतीयोग्य जमिन बाँझै हुँदा, भएका युवा विदेश पलायन हुँदा र .अझै पनि परम्परागत ढंगले खेतीपाती गरिदाँ परनिर्भरता बढेको हो । जसले गर्दा विदेशबाट खाद्यान्न निर्यात हुने बित्तिकै नेपालमा खाद्य संकट देखानपर्ने सम्भावना बढेको हो । त्यसो त, २०४० सालसम्म पनि नेपालबाट भारत र तेस्रो देशमा कृषिजन्य वस्तु निर्यात हुन्थ्यो । तर, हाल वार्षिक रूपमा करिब अर्बौ रुपैयाँको कृषिजन्य वस्तु आयात भएको छ ।

खाद्यान्नमा अरु मुलुकसँग मात्रै परनिर्भर रहँदा भारतले नेपाललाई गहुँ र चामल निर्यातमा रोक लगाउने भएको छ । आर्थिक वर्ष २०७८/७९ मा नेपालले ४७ अर्ब ५७ करोड ३६ लाख रुपैयाँको धान, चामल र कनिका आयात गरेको थियो । त्यस्तै, २९ अर्ब ४ करोड ५७ लाख मूल्य बराबरको ५२ करोड ८३ लाख किलो चामल, १६ अर्ब ९९ करोड मूल्यको ५५ करोड १७ लाख किलो धान र एक अर्ब ५३ करोड मूल्यको ५० करोड ३९ लाख किलो कनिका नेपालले आयात गरेको थियो । मुलुकको हालको जनसङ्ख्यालाई वार्षिक करिब ५४ लाख मेट्रिक टन तयारी खाद्यान्न आवश्यकता पर्ने कृषि मन्त्रालयको अनुमान छ ।

अहिले नेपालमा मुख्यतः खाद्यान्न, तरकारी र फलफूल भारतबाट अत्याधिक मात्रामा आयात हुने गरेको छ । ' भारत लगायतका विदेशी मुलुकले आफूलाई खाद्यसंकट पर्दा हाम्रोमा अन्न पठाउन छोड्छन्, तसर्थ हामी आफैंमा निर्भर हुनुपर्छ, तर, कृषि क्षेत्रमा परिवर्तन गर्न कोही लागि नपर्दा नेपालमा खाद्य संकटको जोखिम बढेको छ ।

कृषिविद् डा. कृष्ण पौडेल बताउँछन् । प्रकृति, पर्यावरण, खानेकुरा बिग्रदै जाँदा नेपालमा खाद्य संकट आउनसक्ने उनको आशंका छन् । साथै कृषिमा आत्मनिर्भर हुने हो भने विदेशी मुद्राको सञ्चितिमा परेका दबाव कम हुने, व्यापार घाटा कम हुन्ने र देशमा रोजगारी सिर्जना हुने विज्ञहरुको बुझाईं छ । साथै माटोमा हालेको रसायन, प्लास्टिक, उत्पादन बढाउन प्रयोग गरिएको एन्टिबायोटिक, हर्मोन सबैले खानेप्रणाली र खाना उब्जाउने प्राकृतिक प्रणाली नै ध्वस्त पारेको विज्ञहरु बताउँछन् । तर, सरकार र हरेक कृषिमन्त्रीहरुले कृषिमा क्रान्ति गर्ने, निर्भर गर्ने गफ भने सधैं गरिरहन्छन् ।

यद्यपि, किसानलाई समयमा मल, बिउ, कृषिजन्य सामाग्री भने पुर्‍याउन सकेका छैनन् ।

एकातिर घट्दाें उब्जनी अर्कोतिर खाद्यान्न आयात गर्ने मूलुकले असहजता हुने वित्तिकै आयात रोक्दा नेपालले खाद्य संकट भोग्नुपर्ने सम्भावना बढेको छ । तरपनि, सरकार र सरोकारवाला पक्षहरु कृषिमा आत्मनिर्भर बन्नेतर्फ ध्यान नै दिदैंनन् ।

बेलायती महारानीको निधन

## नेपालमा पनि ३ दिन शोक

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २४ भदौ ।

बेलायतकी महारानी एलिजावेथ द्धितीयको निधन भएको छ । उनको निधनमा नेपालले पनि ३ दिन शोक मनाउने भएको छ ।

शुक्रबार बसेको मन्त्रिपरिषद बैठकले महारानी एलिजावेथ द्धितीयको निधन भएकोमा गहिरो दुःख व्यक्त गरेको छ । दिगंवत आत्माको चिरशान्तिको कामना गरेको छ । साथसाथै, महारानीको सम्मानमा २०७९ भदौ २५ देखि २७ गतेसम्म तीन दिन शोक मनाउने र नेपालभरका सरकारी कार्यालयहरु एवं विदेशस्थित नेपाली राजदूतावास र नियोगहरुमा राष्ट्रिय झण्डा आधा झुकाउने निर्णय गरेको छ ।



विस्तृत समाचार पृष्ठ ५

वैदेशिक रोजगार विशेष

## राहदानी बनाउन तीन महिना

**कावासोती/रासस**- पूर्वी नवलपरासीमा राहदानी बनाउन तीन महिना पर्खिनुपर्ने बाध्यता रहेको छ । जिल्लाको मध्यविन्दु-१५ का गोविन्द महतोले आवेदन दिएको करिब तीन महिनापछि मात्रै राहदानी हातमा परेको बताए । गत असार १७ गते फारम भरेका उनको बायोमेट्रिक गर्ने पालो करिब ४७ दिनपछि मात्रै आयो । उनले भने, 'बायोमेट्रिकको एक महिनापछि मात्रै राहदानी हात पर्‍यो ।'

यसैगरी कावासोती-१२ की निशा लम्सालले गत साउन १८ गते फारम भरेर टोकन लिएका थिए । उनले बायोमेट्रिक गर्न ५१ दिनपछि मात्रै पालो पाएको बताए । सरकारले विद्युतीय राहदानी अनिवार्य गरेपछि राहदानी बनाउन आउनेको संख्या बढेको र राहदानी बनाउनुअघि राष्ट्रिय परिचयपत्र अनिवार्य गरेकाले राहदानी बनाउनका लागि लामो समय लाग्ने गरेको जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी खिमराज भुसालले बताए ।

राहदानी बनाउन आउनेको भीड बढेसँगै जिल्ला प्रशासन कार्यालयले टोकन सिस्टम शुरु गरेको छ । सहायक प्रमुख जिल्ला अधिकारी भुसालका अनुसार राहदानीका लागि एक दिनमा अधिकतम एक सय जनाको मात्रै 'बायोमेट्रिक' गर्न सक्ने अवस्था छ । पर्याप्त कर्मचारी र बायोमेट्रिक गर्ने मेसिनको कमीले मुस्किलले एक सय जनासम्मको

– बाँकी पृष्ठ २ मा

### भिजिट भिसाबारे गृहको प्रष्टोक्ति

**काठमाडौं/मस**- गृह मन्त्रालयले भिजिट भिसामा वैदेशिक रोजगारीमा जाने र अलपत्र पर्ने क्रम बढेपछि त्यसलाई नियन्त्रण गर्न पर्यटक भिसामा विदेश प्रस्थान अनुमति व्यवस्थापन सम्बन्धी कार्यविधि २०७९ ल्याएको प्रष्ट पारेको छ । कार्यविधिका माध्यमबाट सरकारले स्वतन्त्रतापूर्वक आवागमनको संवैधानिक हक संकुचित गर्न खोजेको टिप्पणी भएपछि गृहले कार्यविधिको बचाउ

– बाँकी पृष्ठ २ मा

आम निर्वाचन -२०७९

## जिल्ला–जिल्लामा नमुना मतपत्र

एउटा पालिकामा कम्तीमा पाँच सयदेखि छ सय नमुना मतपत्र पठाउँदा सोही संख्यामा मतदाताले नमुना मतदान प्रक्रियामा सहभागी हुन पाउने आयोगको विश्वास छ । यसका लागि आयोगले बजेट समेत पठाउनेछ ।



मंसिर ४ अघि ७५३ वटै स्थानीय तहमा नमुना मतदान गराउँदै छौं । यसका लागि नमुना मतपत्र जिल्ला-जिल्लामा पठाउँदैछौं ।

**दिनेश थपलिया**
प्रमुख आयुक्त, निर्वाचन आयोग

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २४ भदौ ।

निर्वाचन आयोगले देशभर नमुना मतदान कार्यक्रम सञ्चालन गर्ने भएको छ । आयोगका अनुसार सबै स्थानीय तहमा नमुना मतदान गराइनेछ ।

निर्वाचन आयोगका प्रमुख आयुक्त दिनेश थपलिया भन्छन्, 'मंसिर ४ अघि ७५३ वटै स्थानीय तहमा नमुना मतदान गराउँदै छौं । यसका लागि नमुना मतपत्र जिल्ला-जिल्लामा पठाउँदैछौं ।' उनका अनुसार नमुना मतदानका लागि आयोगले नमुना मतपत्र छापिसकेको छ ।

आगामी निर्वाचनमा बदर मत घटाउनका लागि आयोगले यो कार्यक्रम गर्न लागेको हो । उनका अनुसार देशका सबै पालिकामा मतदाताहरूलाई सरिक गराएर कम्तीमा एक-एक वटा नमुना मतदान गराउने उदेश्य छ । यस अनुसार जिल्लामा नमुना मतपत्र पठाइनेछ । एउटा पालिकामा छ-सात सय नमुना मतपत्र पठाउने गरी मतपत्र छापेको प्रमुख आयुक्त थपलियाले बताए । उनका अनुसार समानुपातिक निर्वाचन प्रणालीका

– बाँकी पृष्ठ २ मा

### समानुपातिक तर्फको मतपत्र छपाइ सुरु

यसैबीच, आयोगले प्रतिनिधिसभा र प्रदेशसभाको समानुपातिक तर्फको निर्वाचनका लागि मतपत्र छपाइको काम सुरु गरेको छ । जनक शिक्षा सामग्री केन्द्र सानोठिमीमा २ दिन अघिबाट समानुपातिक तर्फको मतपत्र छपाई थालिएको हो । संघीयतर्फ २ करोड मतपत्र र प्रदेशतर्फ २ करोड मतपत्र गरी झण्डै ४ करोड हाराहारी मतपत्र छपाई गरिने आयोगले जनाएको छ । प्रदेशगत

– बाँकी पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२५ भदौ २०७९, शनिबार
10 September 2022, Saturday

# डेंगु संक्रमण बढेसँगै सिटामोलको उच्च माग

**काठमाडौं/मस-** नेपालमा डेंगु ज्वरोको संक्रमण बढेसँगै बजारमा सिटामोल औषधिको माग उच्च रहेको छ।

औषधिको माग उच्च भएसँगै यसको अभाव हुन थालेको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयल र नेपाल औषधि उत्पादक संघले भने बजारमा सिटामोलको अभाव नभएको जनाएका छन् । सामान्य ज्वरो आउँदा औषधि पसलमा सिटामोल किन्न जाँदा भने सर्वसाधारणले पाइरहेका छैनन् ।

उच्च ज्वरो आउने, टाउको दुख्ने, आँखाको गेडी दुख्ने, जिउ पूरै दुख्ने, वान्ता हुने, खानमन नलाग्ने, पाखाला लाग्ने, घुँडाका जोर्नी दुख्ने, पिँडौलाको मासु दुख्ने



आदि डेंगुका लक्षण हुन् ।

ती लक्षणका लागि बिरामीलाई सिटामोल र जीवनजलजस्ता औषधिको खानुपर्दछ तर त्यही सिटामोलजस्तो औषधिको अभाव भएको जनाइएको छ ।

काठमाडौं उपत्यका लगायत देशका अन्य जिल्लामा दैनिक डेंगुका बिरामी बढिरहेका छन् । अहिलेसम्म छ हजारभन्दा बढी डेंगुका बिरामी पुष्टि भइसकेको मन्त्रालयले जनाएको छ । डेंगुका प्रकोप बढ्न थालेपछि सर्वसाधारणले पनि घरमा सिटामोल किनेर राख्ने गरेका छन् । यसले पनि सिटामोलको अभाव भएको बताइएको छ । मन्त्रालयका प्रवक्ता डा.सञ्जयकुमार मण्डलले बजारमा सिटामोलको अभाव नभएको बताए । शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका मेडिकल अधिकृत डा.श्रवणकुमार मण्डलले डेंगुका बिरामीलाई उच्च ज्वरो आउने र ज्वरो कम गर्नका लागि सिटामोल खानुपर्ने बताए ।

धेरै नै ज्वरोका बिरामी बढेकाले सिटामोलका माग बढेर अभाव भएको हुनसक्ने उनको भनाइ छ ।

नेपाल औषधि व्यवस्था विभागका निर्देशक भरत भट्टराईले सिटामोल पाइएन भन्ने गुनासो सुनेको बताए । उनले भने, 'डेंगु बढेसँगै एक/दुई दिन अघि मात्र जनताले सिटामोल पाइनन् भन्ने सुनेको छु । सिटामोलको अवस्था के हो भन्नका लागि औषधि उत्पादक संघलाई आइतबार बोलाएर छलफल गर्ने छु ।' उनले संकटको बेला औषधिको मूल्य बढाउनका लागि अभाव सिर्जना गर्न थालिएको हुनसक्ने बताए । उनले महामारीको बेला सिटामोलजस्तौ औषधिको अभाव हुन नदिने स्पष्ट पारे। उनले औषधि उत्पादक संघलाई बोलाएर तत्काल सिटामोल उत्पादन गर्न निर्देशन दिने बताए ।

# कतारमा दशैं धमाका सांस्कृतिक कार्यक्रम हुने

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २४ भदौ

नेपालीहरुको महान् पर्व विजया दशमीको पावन अवसरमा कतारमा 'दशैं धमाका २०७९' सांस्कृतिक कार्यक्रम हुने भएको छ । एसएसके ब्रोदर्सको आयोजनमा हुने धमाकाका संयोजक सुमन भारतीका अनुसार उक्त कार्यक्रमका लागी नेपालबाट आधा दर्जन चर्चित कलाकारहरू कतार आउने भएका छन्।

नेपालबाट आमन्त्रित कलाकारहरूमा बहुचर्चित भर्सटायल गायक, सर्जक रमेश राज भट्टराई, चर्चित गायक सर्जक तथा मोडेल अर्जुन सापकोटा र पछिल्लो समयकी




हिट लोक तथा दोहोरी गायिका सम्झना भण्डारी रहेका छन् । पछिल्लो समय 'सैया नदे देखा तोड' भन्ने हिन्दी गीतमा नृत्य प्रस्तुत गरेर टिकटकमा रातारात भाइरल भएकी भोजपुरी चलचित्रकी नायिका तथा मोडेल प्रीति पासवान र मोडेल करिश्मा पुन मगर पनि कतार आउने भएका छन् ।

आगामी ३० सेप्टेम्बरमा ओसिस बिच क्लबको स्पोर्ट कोर्टमा दिउँसोको ४ बजे देखि शुरु हुने धमाका राति १० बजेसम्म चल्ने भारतीले मध्यान्हलाई जानकारी दिए । उनले उक्त मितिमा अन्य कार्यक्रम नजुधाउन कतारमा स्थापित सम्पूर्ण संघ संस्थाहरूलाई आग्रह गरेका छन् । भारतीले प्रवासमा पनि दशैंलाई सामूहिक तथा भव्यरूपमा एकै थलोमा मनाउन सकियोस् र एक दिन भए पनि कामको थकाइलाई मेट्न सकियोस् भन्ने आफ्नो मुख्य उद्देश्य रहेको बताए ।

उनले कतारका अग्रजहरू, बुद्धिजीवी, व्यवसायी, समाजसेवी, सामाजिक अभियन्ता, सञ्चारकर्मी लगायत सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदी बहिनीहरूलाई उक्त कार्यक्रममा उपस्थिति जनाएर सफल पारी दिन आग्रह समेत गरेका छन् । कार्यक्रमको टिकटको मूल्य ५० र १०० कतारी रियाल तय गरिएको उनले जानकारी दिए । मध्यान्ह दैनिक उक्त कार्यक्रमको अफिसियल मिडिया पार्टनर रहेको छ ।

# कपिलवस्तु ३ बाट मौलाना मक्सुदको एकल नाम सिफारिस

**अजय मिश्र/मध्यान्ह**
चन्द्रौटा, २४ भदौ

नेकपा माओवादी केन्द्र कपिलवस्तुले क्षेत्र नम्बर ३ का लागि उम्मेदवारको नाम सिफारिस गरेको छ। शुक्रबार बसेको बैठकले मंसिर ४ गते हुने प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनका लागि उम्मेदवारको नाम सिफारिस गरेको हो । बैठकको निर्णय अनुसार प्रतिनिधि सभाको प्रत्यक्ष तर्फ मौलाना मक्सुद नेपाली र समानुपातिक तर्फ चिन्ता परियारको नाम सिफारिस भएको छ। बैठकले दुवैजनाको नाम एकल सिफारिस गरेको हो ।

लामो समयदेखि सामाजिक क्षेत्रमा सकृय नेपाली कृष्णनगरका लोकप्रिय नेताको रुपमा चिनिन्छन्।



समाजमा हरेक काममा अग्रसर भएर लाग्ने मौलानाले समाजको मुहार परिवर्तनको लागि उम्मेदवार बन्न तयार रहेको बताए ।

त्यस्तै समानुपातिकमा सिफारिस परियार पत्रकारितामा सकृय छन् । लामो समयदेखि पत्रकारिता गर्दै आएका परियारले पार्टीले दिएको जिम्मेवारीलाई बहन गर्दै नागरिकहरुको जिवन परिवर्तन गर्नका लागि समर्पित हुने प्रतिवद्धता जनाए ।

यस्तै, क्षेत्र न ३ (क) का लागि प्रत्यक्ष तर्फ एहसान अहमद खान, राजेन्द्र आचार्य र रमेश चन्द्र चौधरीको नाम सिफारिस भएको छ । प्रदेश समानुपातिकमा उमा विक, गगन कामी, सिता बुढाथोकी, कुमारी कुसुम चौधरी, जयप्रकाश कहार, टिका पुन मगरको नाम सिफारिस भएको छ ।

क्षेत्र न ३ (ख)का लागि प्रत्यक्ष तर्फ चुर बहादुर खड्का, अर्जुन सापकोटा र केशर वलीको नाम सिफारिस भएको छ । प्रदेश समानुपातिकमा सवनम खातुन गितादेवी सुनार र मैयान खानको नाम सिफारिस भएको छ ।

# सिरहामा आर्केस्ट्रा नाचमा रोक

**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, २४ भदौ

सिरहामा आर्केस्ट्रा नाचमा रोक लगाइएको छ । जिल्ला प्रशासन कार्यालय सिरहाले नेपाली समाजको सांस्कृतिक चाड पर्वमा विकृती फैलिँदै गएकोले आर्केस्ट्रा नाच तथा तडकभडक सिर्जना गर्ने जस्ता कार्यक्रमहरुमा रोक लगाएको हो । सहायक प्रमुख जिल्ला अधिकारी आनन्द पौडेलले एक सूचना प्रकाशित गरी अटेरी गरी कार्यक्रमहरुको आयोजना गरेमा कानून बमोजिम कारबाही हुने जानकारी गराएका छन् ।

पछिल्लो समय चाड पर्वमा शुरुमा सांस्कृतिक कार्यक्रम भनिए पनि ती कार्यक्रमहरूमध्ये अधिकांश



सांस्कृतिक नभई संस्कृति र समाज बिगार्ने खालका हुने गरेको पाइन्छ। दोहोरो अर्थ लाग्ने अश्लील नृत्य र गीतहरूले विकृति फैलने र यस्ता कार्यक्रममा युवाहरुले मदिरा तथा लागुऔषध सेवन गर्ने क्रम बढेको देखिन्छ ।

# मध्यान्हकर्मी बिष्ट सम्मानित



**काठमाडौं/मस-** मध्यान्ह राष्ट्रिय दैनिकका दैलेख संवाददाता यामराज बिष्ट सम्मानित भएका छन् । दैलेखको नारायण नगरपालिकामा रहेको गोठपाँडा कृषक सहकारी संस्थाले उनलाई शुक्रबार एक कार्यक्रमकाबीच सम्मान गरेको हो ।

गोठपाँडा कृषक सहकारी संस्था दैलेखको १६औं वार्षिक उत्सव कार्यक्रमका प्रमुख अतिथि प्रतिनिधि सभा सदस्य रबिन्द्रराज शर्माले पत्रकार बिष्टलाई सम्मान प्रदान गरेका थिए । पत्रकारिताको क्षेत्रबाट समाजमा प्रत्यक्ष तथा परोक्ष रुपमा पुऱ्याएको योगदानको कदर गर्दै उनलाई प्रमाणपत्र र दोसल्लासहित सम्मान गरिएको हो । बिष्ट बिगत एक दशकदेखि जिल्लामा रहेर पत्रकारितामा सक्रिय छन् ।

## सिट...

दिन आइसक्दा समेत भागवण्डा नटुंगिदा दलहरु थप दबाबमा परेका छन्। आगामी असोज २ गते समानुपातिक तर्फको उम्मेदवारको बन्द सूची बुझाउने निर्वाचन कार्यतालिका छ ।

गठबन्धनलाई परेको सकसका कारण कार्यकर्तालाई नआत्तिन प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको आग्रह छ। साथसाथै उनले सत्तारुढ गठबन्धनलाई टुटाउन षड्यन्त्र भइरहेको भन्दै गठबन्धनविरुद्ध नबोल्न पार्टीका नेता कार्यकर्तालाई निर्देशन नै दिएका छन् ।

शुक्रबार चितवनमा आयोजित कार्यक्रममा देउवाले भने, 'बल्ल-बल्ल पार्टी बलियो हुँदै छ, यसलाई सिध्याएर के हुन्छ ? यसैले गठबन्धनको विरुद्धमा बोल्ने कुरा छैन ।' गठबन्धनका कारण कांग्रेसले प्रधानमन्त्री, मुख्यमन्त्री र मन्त्री प्राप्त गर्ने अवसर प्राप्त गरेको भन्दै कांग्रेस सभापति देउवाले भने, 'गठबन्धनमा बढीभन्दा बढी फाइदा लिन हामी प्रयास गर्छौं, तर गठबन्धन कुनै हालतमा टुट्दैन, तोड्नुहुँदैन ।'

## राहदानी...

बायोमेट्रिक हुने गरेको हो । कर्मचारीको र बायोमेट्रिक गर्ने मेसिन कम हुँदा राहदानीको आवेदन फारम भरेको करिब दुई महिनापछि मात्रै बायोमेट्रिक गर्ने पालो आउने गरेको छ। बायोमेट्रिक गरेपछि पनि राहदानी सेवाग्राहीको हातमा पर्न थप एक महिना जति लाग्ने उनले जानकारी दिए । कोभिड-१९ सुरु भएपछि रोकिएको विदेश भ्रमण पनि अहिले सहजरूपमा सञ्चालन भएकाले राहदानी बनाउन आउनेको संख्या बढेको जनाइएको छ । उनका अनुसार राहदानी बनाउन आउनेहरूमा धेरै युवा छन्। त्यसमा पनि वैदेशिक रोजगार र उच्च शिक्षाका लागि विदेश जानेबाट राहदानीका लागि धेरै आवेदन आउने गरेको छ ।

गत आवभन्दा चालु आवको सुरुआतदेखि नै राहदानी बनाउनेको संख्या ह्वात्तै बढेको छ । सहायक प्रमुख जिल्ला अधिकारी भुसालका अनुसार गत आव २०७८/७९ मा नौ हजार छ सय ७५ जनाले राहदानी बनाएकामा चालु आवको पहिलो महिना साउनमा दुई हजार छ सय ८४ जनाले राहदानी बनाउन फारम भरेका छन् । राहदानी बनाउन आउनेको संख्या बढेको तर बायोमेट्रिक गर्ने कर्मचारी र मेसिन पर्याप्त नहुँदा राहदानी पाउनका लागि लामो समय लाग्ने गरेको हो ।

यसैबीच राहदानीबाट मात्रै जिल्लामा कार्यालयले गत एक वर्षमा मात्रै रु पाँच करोड बढी राजस्व संकलन गरेको छ। गत आव २०७८/७९ मा जिल्ला प्रशासन कार्यालयले राहदानीबाट रु पाँच करोड एक लाख ३८ हजार पाँच सय राजस्व संकलन गरेको जिल्ला प्रसासन कार्यालय नवलपुरका सूचना अधिकारी एवं सहायक प्रमुख जिल्ला अधिकारी खिमराज भुसालले बताए ।

यो अवधिमा सात हजार चार सय पाँच जनाले साधरण राहदानी र एक हजार चार सय ७६ जनाले विद्युतीय राहदानी बनाएका भुसालले जानकारी दिए । आव २०७७/७८ मा दुई करोड ३४ लाख ३५ हजार, आव २०७६/७७ मा दुई करोड ४७ लाख ६७ हजार पाँच सय र आव २०७५/७६ मा तीन करोड ३८ लाख ८७ हजार पाँच सय राजस्व संकलन भएको हो ।

## भिजिट...

गरेको हो । गृह मन्त्रालयका प्रवक्ता फणिन्द्रमणि पोखरेलले वैदेशिक रोजगारीमा जानेहरू वैदेशिक रोजगार ऐनले तोकेको प्रक्रिया पूरा गरी जानुपर्ने र भ्रमण भिसामा जानेहरू निर्धारित समयमा स्वदेश फर्किउन् भनेर कार्यविधि ल्याइएको बताए । कोरोना भाइरसविरूद्धको खोप पर्याप्त भई अन्तर्राष्ट्रिय उडान सहज भएपछि नेपालबाट आकर्षक तलबको प्रलोभनमा लाखौं रूपैयाँ खर्च गरेर भिजिट भिसामा यूएई लगायत खाडीका देशमा पुगेर अलपत्र पर्ने क्रम बढेको छ ।

## आम...

लागि मतपत्र छपाई अघि जनक शिक्षा सामग्री केन्द्रमा मतदाता शिक्षा प्रयोजनका लागि नमुना मतपत्र छपाई गरिएको हो ।

एउटा पालिकामा कम्तीमा पाँच सयदेखि छ सय नमुना मतपत्र पठाउँदा सोही संख्यामा मतदाताले नमुना मतदान प्रक्रियामा सहभागी हुन पाउने आयोगको विश्वास छ। यसका लागि आयोगले बजेट समेत पठाउनेछ। प्रमुख आयुक्त थपलिया भन्छन्, 'जिल्ला निर्वाचन कार्यालय मार्फत स्थानीय तहमा नमुना मतदान कार्यक्रम गर्न लागेका हौँ । त्यसका लागि प्रत्येक जिल्ला निर्वाचन कार्यालयलाई नमुना मतपत्र पठाउँछौं। आवश्यक बजेट पनि पठाउँछौं । त्यही अनुसार उहाँहरुले सबै पालिकामा गएर नमुना मतदान गराउनुहुनेछ ।'

नमुना मतदानको कार्यक्रम जिल्ला निर्वाचन कार्यालयले स्थानीय तहसँग समन्वय गरेर सञ्चालन गर्नेछ । नमुना मतदानको काम दसैं पछिबाट सुरु हुने प्रमुख आयुक्त थपलियाले बताए । दसैं सकिएपछि निर्वाचनको समय आउन झन्डै ४० दिन बाँकी हुने भएकोले सो अवधिमा सबै स्थानीय तहमा नमुना मतदानको काम सम्पन्न गर्ने लक्ष्य लिइएको उनको भनाइ छ। दसैं पछिबाट निर्वाचनको पनि माहोल बन्दै जाने भएकाले त्यो बेला मतदाता शिक्षालाई प्रभावकारी बनाउनका लागि यो कार्यक्रम राखिएको बताए । स्थानीय तहमा नमुना मतदानको कार्यक्रम एकै दिन नगरेर फरक फरक समयमा गर्ने उनले बताए ।

मतदाता शिक्षा कार्यक्रमका लागि केही सन्देश भने दसैँ अगाडि देखिनै सुरु गर्ने र खरिद प्रक्रियाबाट उत्पादन हुने मतदाता शिक्षा कार्यक्रमको प्रसार सामग्री दसैँपछिबाट अगाडि लैजाने तयारी छ । दसैं पछिसम्म प्रत्यक्ष तर्फका उम्मेदवारहरूको पनि टुङ्गो लागिसक्ने भएकाले त्यसपछि निर्वाचन शिक्षा कार्यक्रमलाई व्यापक बनाएर लैजाने उनले बताए । यस्तै आयोगले मतदाता शिक्षाका लागि देशका विभिन्न जिल्लामा सांगीतिक कन्सर्ट गर्ने कार्यक्रम पनि राखेको छ ।

## समानुपातिक...

रुपमा निर्वाचनमा भाग लिन भदौ १० देखि १२ गतेसम्म निवेदन दिएर कायम भएका दलहरूको चिह्न राखेर मतपत्र छपाइको काम सुरु भएको छ। प्रदेशस्तरको लागि करिब २ करोड थान मतपत्र छापिन्छ । यस्तै प्रतिनिधिसभाको पनि करिब २ करोड गरी झण्डै ४ करोड समानुपातिक तर्फको मतपत्र छापिँदैछ । यो मतपत्र छापि नसक्दै प्रतिनिधिसभा र प्रदेशसभाको प्रत्यक्ष तर्फको मतपत्र छपाइको काम सुरु हुनेछ । समानुपातिक तर्फको मतपत्र झन्डै एक महिनाभित्रमा छपाई गरिसक्ने आयोगको तयारी छ । आगामी असोज २३ गतेबाट असोज २६ गतेसम्म उम्मेदवारको मनोनयन कार्यक्रम सकिएपछि असोज २६ गते निर्वाचन चिह्न दिने कार्यक्रम छ । उम्मेदवारी दिएका दल र उम्मेदवारको मात्र चुनाव चिह्न राखेर प्रत्यक्ष निर्वाचन प्रणाली तर्फको मतपत्र छपाई गर्ने आयोगको तयारी छ । असोज २७-२८ गतेबाट प्रत्यक्ष निर्वाचन प्रणाली तर्फको मतपत्र छपाइको काम सुरु गर्ने आयोगले जनाएको छ ।

### भु.क्षितिज आवास तथा जग्गा बिकास प्रा.लि.को खारेजी (लिक्वीडेशन) सम्बन्धमा हकदावी गर्न आउने बारेमा सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६२/०१/२१ मा दर्ता कायम भएका **भु.क्षितिज आवास तथा जग्गा बिकास प्रा.लि. (प्रा.लि. नं. ३४१७२)** लाई खारेजी लिक्वीटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०७९/०५/२३ गतेको बिशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्न पर्ने ऋण, धन, एवं कोही कसैको बाकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरका कार्यलय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेटरः रोशन कुमार बजिमय,** **ईजाजत प्र.प.नं. २२१**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं** **मोवाईल नं. ९८४१३६९७७१**

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७९/०५/२५

यस कम्पनीको मिति २०७९/०५/२० मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **मुजफ्फर कन्स्ट्रक्सन प्रा.लि. (प्रा.लि. नं. १४६७६२)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०५/२३ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **एम. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७९/०५/२५

यस कम्पनीको मिति २०७९/०५/०३ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **सेन्ट्रल कलेज अफ एकाउन्टेन्सी प्रा.लि. (प्रा.लि. नं. ११०७१६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०५/१६ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **छिन्नमस्ता कलेज प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७९/०५/२५

यस कम्पनीको मिति २०७४/०९/०५ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **किङ्ग फिसर जंगल रिसोर्ट प्रा.लि. (प्रा.लि. नं. ८७८८)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७४/१०/२१ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **लाभान्य सफारी रिसोर्ट प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७९/०५/२५

यस कम्पनीको मिति २०७९/०४/२५ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **मन्टेश्वरी किन्डर हाउस काठमाण्डौ प्रा.लि. (प्रा.लि. नं. ३१६३६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०५/२१ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **डियर फिल्ड एकेडेमी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७९/०५/२५

यस कम्पनीको मिति २०७७/१०/०५ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **छिन्नमस्ता इन्टरनेशनल कलेज एण्ड रिसर्च सेन्टर प्रा.लि. (प्रा.लि. नं. ११०७१६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७/१०/२९ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **सेन्ट्रल कलेज अफ एकाउन्टेन्सी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## QATAR को रेष्टुरेन्टमा रोजगारको अवसर

कम्पनीः INNOVATIONS MANPOWER SERVICES
शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७९/०५/२२ चलानी नं.: ६०१८७२२१ L.T. No.: 271527

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | catering | 10 | 0 | स. काममा दक्ष | 1200 | ४१,८४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज ७ गते (23 September 2022) मा हुनेछ ।

यसै कम्पनीको लागि Runner/Waiter, Crew Members, Dispatcher, BBQ Cook, Shawarma Cook, Cold Cook र Mouajanat Cook को पनि माग भई आएकोले निःशुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

CRS
(श्रम इजाजत नं. ९२४/०६७/०६८)

**क्यापिटल रिक्रुटमेण्ट सर्भिस प्रा.लि.**

Basudhara Chowk (Near Diyalo Party Palace, Trisul House Same Building, 4 th & 5 th Floor) Kathmandu | Office No.: 01-4987164, 4988732 | Mob No. 9762278167, 9818937137, 9841770604, 981383289

## Triyuga Municipality
## Office of the Municipal Executive
Gaighat, Udayapur
Province No. 1, Nepal

### Letter of Intent

Date: Sep 10, 2022

This is to notify all concerned bidders that the bids submitted by the following bidders in response to our invitation for bid for the execution of following works, as corrected and modified in accordance with the instruction to bidders, is found to be the substantially responsive lowest evaluated bid. We hereby intend to award the following contracts to the following bidders. This notice is published to informed to inform all bidders as per Public Procurement Act 2063 Clause 27(2)

| S. N. | Contract No. | Name of the Project | Name of the selected Bidder | Bid Amount Nrs. (Excluding VAT) |
|---|---|---|---|---|
| 1 | TM-NCB-LSTB-27-2078/2079 | Fabrication & Construction of Trial Suspension Bridge (N-Type) at Kharkhola, Udayapur as per approved design, drawing and specification. | Gorkha-B.Lama-D. Gautam JV Daraunepokhari Kavre, Bagmati Province Nepal | 29,970,000.00 |

Chief Administrative Officer

# इटहरी उपमहानगरलाई १० शौचालय



तेजबहादुर बन/मध्यान्ह
इटहरी, २४ भदौ

इटहरी उपमहानगर क्षेत्रमा सार्वजनिक शौचालयको अभाव खड्किरहेको बेला उद्योग वाणिज्य संघ इटहरीले शुक्रबार पोर्टेबल शौचालय प्रदान गरेको छ। उपमहानगरका प्रमुख हेमकर्ण पौडेललाई उवासंघले उक्त शौचालय हस्तान्तरण गरेको हो।

उवासंघ इटहरीका अध्यक्ष भीम पौडेलले औपचारिक कार्यक्रमबिच उक्त शौचालय उपमहानगरलाई हस्तान्तरण गरेका हुन्।

उवा संघ इटहरीले ८ वटा पोर्टेबल र २ वटा मोबाइल शौचालय प्रदान गरेको हो।

निर्वाचनको बेला उवासंघले गरेको प्रतिबद्धता अनुरूप सो सौचालय प्रदान गरी आफ्नो बाचा पूरा गरेको हो। कार्यक्रममा मेयर हेमकर्ण पौडेलले निजी क्षेत्रको सहकार्य र सुझाव बिना इटहरी क्षेत्रको विकास सम्भव नभएको बताए। कोरोनाको समयमा पनि अध्यक्ष तथा व्यवसायी पौडेलले इटहरी सरकार प्रति गरेको सहयोग र सदभावको उच्च मुल्यांकन गरेको बताउदै सुझाव तथा सहकार्य सदैव रहिरहने बताए।

मेयर पौडेलले नगरवासीको चाहना अनुसार हाली मात्र इटहरीमा सार्वजनिक शौचालय शिलन्यास भैसकेको अब निर्माण कार्य पनि अघि बढाउने तयारी भइरहेको जानकारी गराए।

इटहरीको मुख्य चौक रेयुकाइ चौतारीसहित ३ स्थानमा अबको ६ महिनाभित्र सार्वजनिक शौचालय बनिसक्ने बताए।

कार्यक्रममा उवासंघ इटहरीका अध्यक्ष भीम पौडेलले इटहरीमा अतिआवश्यकिय मानिएको शौचालयको अभावलाई मध्यनजर गर्दै तत्काल नगरबासी र बाहिरबाट आउने आगन्तुकहरूलाई सेवा पुऱ्याउने उद्देश्यले ८ थान पोर्टेबल र २ थान मोबाइल शौचालय प्रदान गरिएको बताए।

उनले इटहरी सरकार संग सदैव सहकार्य गरेरै अघि बढ्ने पनि बताए। कार्यक्रममा सुनसरिका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले शौचालय पाएपछि त्यसको बेवास्ता नगर्न र यसको सहि सदुपयोगसँगै प्रभावकारी रूपले सञ्चालन गर्नुपर्ने सुझाव दिए। कार्यक्रममा प्रदेश सांसद लिलम बस्नेत, नेकपा एमाले इटहरी उपमहानगर अध्यक्ष यामकुमार सुब्बा, नागरिक समाज इटहरीका अध्यक्ष राजु केसी लगायतको उपस्थिति रहेको थियो।

**कहाँ, कहाँ राखिँदैछ शौचालय**

एक स्थानबाट अर्को स्थानबाट सजिलै सार्न सकिने यो शौचालय इटहरीको मुख्य स्थानहरूमा रहने छन्। बढिजसो सार्वजनिक स्थानहरू जहा शौचालयको अभाव छ त्यस स्थानमा राखिने भएको छ।

धरान खरेड, पूर्व बस स्टेन, विराटनगर रोड बस स्टेन लगायत मुख्य स्थानहरूमा उक्त शौचालय राखिने भएको हो। यो सँगै प्राप्त २ थान मोबाइल शौचालय भने आवश्यक अनुसार सञ्चालन गरिने उपमहानगरले जनाएको छ।

इटहरी क्षेत्रमा वर्षौदेखि सार्वजनिक शौचालय अभाव हुँदा नगरवासी देखि बाहिरबाट आउने आगन्तुकहरू प्रत्यक्ष मार्कामा पर्दै आएका थिए। अब उपमहानगरले उक्त शौचालय पाएसँगै यो समस्याबाट तत्कालका लागि केहि राहत महसुस हुने अनुमान गरिएको छ।

## दुल्लु नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
दुल्लु, दैलेख
कर्णाली प्रदेश, नेपाल

**प्रस्ताव पेश गर्ने मितिमा भएको भूल सुधार सम्बन्धमा**

यस कार्यालयका लागि क्याटलग सपिङ्ग विधिबाट रोलर र टिप्पर खरिद गर्ने बारेको सूचना नगरपालिकाको वेभसाइटमा मिति २०७९/०५/१७ र मध्यान्ह राष्ट्रिय दैनिकमा मिति २०७९/०५/१९ मा एउटै प्रयोजनका लागि फरक फरक मितिमा प्रकाशित भएको हुँदा प्रस्तावदातालाई अन्यौल हुने भएकाले उक्त भुल सुधार गरी प्रस्ताव पेश गर्ने अन्तिम मिति २०७९/०५/२६ गते मध्यान्ह दिउसो १२:०० बजे सम्म कायम गरी भुलसुधारको सूचना प्रकाशन गरिदिनुहुन अनुरोध गरिन्छ।

प्रकाशकीय अधिकृत

# दिला शाहको अध्यक्षतामा स्वयंसेवी रक्तदाता समाज पुनर्गठन



पवन जायसवाल/मध्यान्ह
नेपालगन्ज, २४ भदौ

नेपाल स्वयंसेवी रक्तदाता समाज बाँकेको पुनर्गठन भएको छ। समाजका अध्यक्ष पदमा बस्नेतको अध्यक्षतामा सक्रिय स्वयम्सेवी रक्तदाताहरूको बृहत सहभागितामा भएको बैठकले शुक्रबार समाजको पुनर्गठन गरिएको हो।


नेपाल स्वयंसेवी रक्तदाता समाज बाँकेको नियमित स्वयंसेवी रक्तदाता तथा समाजसेवी दिला शाहको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्य समितिको गठन गरिएको छ। समितिको उपाध्यक्ष पदमा मन बहादुर केसी, सचिवमा भिष्म प्रसाद लोध, कोषाध्यक्षमा मनमोहन वर्मा चयन भएका छन्।

यसैगरि सदस्यहरुमा रुपा गहतराज, दिनेश ठाकुर, मीना तुलाधर, सुनिल परियार, पवन कुमार वैश्य, गौतम प्रसाद पौडेल, होमराज गिरिलाई सर्वसम्मतिले चयन गरेको छ।

यसैगरी बैठकले समाजको रक्तअभियानहरूको ७ सदस्यीय सल्लाहकार गठन गरिएको छ। सल्लाहकारहरूमा वरिष्ठ पत्रकारहरु पूर्णलाल चुके, फलक गैरे, शंकर प्रसाद खनाल, राकेश कुमार मिश्र, पदमा बस्नेत (पिन्की), समाजसेवी माधवराम वर्मा, पवन जायसवाल रहेका छन्।

नवनिर्वाचित अध्यक्ष शाहले एक पिन्ट रगतले कसैले नयाँ जीवन पाउन सक्ने भएकाले रक्तदान जीवन दान भनिएको स्मरण गर्दै रक्तदान जस्तो उत्कृष्ट र निस्वार्थ मानव सेवा कुनै नभएको बताए। उनले सबै स्वयंसेवी रक्तदाताहरुको साथ सहयोग पाउने आशा गर्दै रक्तदान सचेतना अभियान पनि सञ्चालन गर्नुपर्नेमा जोड दिए।

# श्रोत नखुलेको रकमसहित भारतीय नागरिक पक्राउ



सत्येन्द्र प्रताप सिंह/मध्यान्ह
रौतहट, २४ भदौ

रौतहटको गौर नगरपालिकामा श्रोत नखुलेको रकमसहित एक जना भारतीय पक्राउ परेका छन्। जिल्ला प्रहरी कार्यालय रौतहटले खटिएको प्रहरी टोलीले गौर नगरपालिका वडा नम्बर १ स्थित गौर भन्सार कार्यालय अगाडिबाट उनलाई पक्राउ गरेको हो। पक्राउ पर्नेमा भारतको बिहार जिल्ला सितामढी नगरपंचायत बैरगनियाँ वडा नम्बर १ मा बस्ने अन्दाजी ४५ वर्षीय लक्ष्मी कुमार साह रहेका प्रहरीले जनाएको छ।

उनको साथबाट चार लाख पन्चानब्बे हजार नेपाली रुपैयाँ बरामद गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छन्। पक्राउ परेका उनलाई आवश्यक कारवाहीको लागि भन्सार कार्यालय गौरमा बुझाइएको प्रहरीले जनाएका छ।


## मलेसियामा रोजगारको अवसर
१. कम्पनी: JESSY RESTAURANT
शहर : MALAYSIA
पूर्व स्वीकृत मिति: २०७९/०५/०२ | चलानी नं.: ६०१८५६९७ | L.T. No.: 269764 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Crew | 5 | 0 | स. काममा दक्ष | 1500 | ४२,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज १ गते (17 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Sara Khasa Human Resource Pvt.Ltd.**
श्रम इजाजत नं. १४५३/०७४/०७५
Old Baneshwor, Kathmandu, Nepal, Tel.: 01-4474798, 9808338626
Email: sarakhasahr1453@gmail.com, website: www.sarakhasahr.org.np

## साउदीमा रोजगार
कम्पनी: Operation Dimensions Corporation for Operation and Maintenance
शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७९/०५/२३ | चलानी नं.: ६०१८७३५९ | LT. No.: 271582

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hospitality Worker | 16 | 0 | स. काममा दक्ष | 1200 | ४०,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज १ गते (17 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Confident International Manpower Pvt. Ltd.**
Govt. Lic. No. 1423/074/075
Sinamangal-09, Kathmandu, Tel: 4104167, 4104027
E-mail: info@confidentmanpower.com, Web.: confidentmanpower.com

## कतारमा रोजगार
कम्पनी: ADEMS TRADING AND CONTRACTING CO WLL
शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७९/०३/०८ | चलानी नं.: ६०१८१४८४ | LT. No.: 265723 | पुन : विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technician | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३८,०७१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | welder | 1 | 0 | | 1200 | ४१,५३२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ २७ देखि ३१ गते सम्म (12 to 16 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Sky Of The World Manpower Pvt. Ltd.**
श्रम ई. पत्र नं.: १०३९/०७३/०७४
Tilganga-9, Manpower Bazar, Kathmandu, Tel.: 4488231, 4491316
Mob.: 9851068774, 9851164164, 9851035867, 9849964370
E-mail : skymanpower1039@gmail.com, info@skymanpower.com, Web.www.skymanpower.com

## QATAR मा रोजगारको अवसर
कम्पनी: NEW CREST CATERING
शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७९/०५/२४ | चलानी नं.: ६०१८७३३४ | LT. No.: 271643

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Butcher | 6 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५१,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Catering | 8 | 0 | | 1400 | ४८,४५४ | | | | | | | |
| 3. | Driver | 10 | 0 | | 1500 | ५१,९१५ | | | | | | | |
| 4. | General Cook | 8 | 0 | | 1500 | ५१,९१५ | | | | | | | |
| 5. | Labour | 5 | 0 | | 1000 | ३४,६१० | | | | | | | |
| 6. | Packing Worker | 12 | 0 | | 1000 | ३४,६१० | | | | | | | |
| 7. | Sandwich Maker | 5 | 0 | | 1400 | ४८,४५४ | | | | | | | |
| 8. | Waiter | 10 | 0 | | 1400 | ४८,४५४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ असोज १ गते (17 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**स्काई-वे म्यानेजमेन्ट प्रा. लि.**
श्रम इजाजत नं. ९००/०६७/०६८
गौशला, काठमाडौं, नेपाल, फोन: ०१-४५६०१६०, ४५७१४७१
Email: skywaygaushala@gmail.com, Web: www.skywaynepal.com

## कतारमा रोजगारको अवसर
कम्पनी : AL MASHREQ BAKERY
शहर: Doha
पूर्व स्वीकृत मिति: २०७८/०५/०२ | चलानी नं.: ६०१६१५७९ | LT. No.: 243954 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Baker | 1 | 0 | स. काममा दक्ष | 1300 | ४४,९९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज १ गते (17 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**सत्यम इण्टरनेशनल सर्भिस प्रा. लि.**
Govt. Lic No.: 569/062/063
सुविधानगर, काठमाडौं, नेपाल, फोन: 01-5199336, 5199157
मो.: 9802002035, 9802090531 | Email: stmintlnpl@gmail.com

## साउदीमा रोजगारको अवसर
कम्पनी : Noor Ateeq Allah Umar al Subi car wash
शहर: Saudi Arabia,Al-Bader
पुर्व स्वीकृत मिति: २०७९/०५/२४ | चलानी नं.: ६०१८७३५१ | LT. No.: 271640

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mobile Car Wash Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३३,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज १ गते (17 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**R.B. RECRUITMENT SERVICES PVT. LTD.**
श्रम इजाजत नं. ९२९/०६७/०६८
Chabahil-7, (Opposite of KL Tower), Kathmandu, Phone : +977-01-4595967/ 014568206/ 01-4584094
Cell no: 9801095968. E-mail: documentsrbrs@gmail.com, Web.: www.rbrs.com.np

## बहराइनमा रोजगार
कम्पनी: EMPRESS SWEETS
शहर: MANAMA
पूर्व स्वीकृत मिति: २०७९/०५/२३ | चलानी नं.: ६०१८७३५० | LT. No.: 271407

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 0 | 2 | स. काममा दक्ष | 120 | ४०,५०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ असोज १ गते (17 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**त्रिवेणी ओभरसिज कन्सर्न प्रा. लि.**
Govt. Lic. No.: 341/059/060
पो.ब.नं.: २३४८९, रिङ्गरोड बसुन्धारा-३, काठमाडौं । फोन नं.: ०१-४९८७६०२, ४९८७६०३,
Mobile: 9806930601,9841996571,9841996572,9841996573
Email : Info@trivenioverseas.com, trivenioverseas.nepal@gmail.com

## यूएईमा रोजगारको अवसर
१. कम्पनी : MAGNUM PLUS CLEANING SERVICES
शहर : DUBAI
पूर्व स्वीकृत मिति: २०७८/१०/०७ | चलानी नं.: ६०१७३०८९ | L.T. No.: 256486 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 20 | 0 | स. काममा दक्ष | 800 | २७,७१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : MAGNUM SECURITY SERVICES
शहर : DUBAI
पूर्व स्वीकृत मिति: २०७८/१०/०७ | चलानी नं.: ६०१७३०८८ | L.T. No.:256579 | पून विज्ञापन

